**आकाशवाणी समाचार- नेपाली**

मितिः १२ जुन २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले हिजो नयाँ दिल्लीमा भाजपाका सांसद विधायक र अन्रू नेताहरूसित भेट गर्नुभयो।
- प्रधानमंत्री श्री मोदीको अध्यक्षातामा बसेको क्याबिनेटको अर्थिक समितिले रेलवेको दुईवटा मल्टी ट्रेकिंग परियोजनालाई स्वीकृति दिएको छ।
- वित्त मंत्रीले यूपीआई कारोबारमा मचर्वेन्ट डिस्काउन्ट दर लागु गर्ने सबै दावी निराधार र भ्रामक रहेको बताएको छ।
- विदेशमंत्री उस जयशंकरले सूरोपली संघ संग यस वर्षका अन्त सम्ममा स्वतंत्र व्यापर सम्झौता हुने आशा व्यक्त गर्नुभएको छ।
- आज विश्व बालश्रम विरोधी दिवस पालन गरिन्दैछ।
- हकी प्रो- लीगमा आज भारतीय पुरूष टिमको सामना अर्जेन्टिना सित हुनेछ।

**प्रधानमंत्री- दिल्ली बीजेपी**

भारतीय जनता पार्टी (भाजपा) का सांसद, विधायक र अन्य नेतासँग प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्रीय राजधानी दिल्लीमा भेटवार्ता गरेका छन् । उहाले सामाजिक सञ्जालमा लेख्नुभएका छन्, 'बैठकमा दिल्लीका जनताको जीवनस्तर अझ राम्रो बनाउने बिषयमा छलफल भएको छ । सो अवसरमा दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ता पनि उपस्थित थिइन् ।

**प्रधानमन्त्री रेल परियोजना**

प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा बसेको आर्थिक मामिलासम्बन्धी क्याबिनेट कमिटीले रेलवेका दुई मल्टि ट्र्याकिङ परियोजनालाई स्वीकृति दिएको छ । पहिलो परियोजना झारखण्डको १३३ किलोमिटर लामो कोडरमा-बरकाकाना रेलवे लाइनको दोब्बरीकरणसित (दोहरीकरणसित)संबंधित रहेको छ । दोस्रो परियोजनामा कर्नाटकको चित्रदुर्गा जिल्ला र आन्ध्र प्रदेशको अनन्तपुर जिल्ला हुँदै जाने १८५ किलोमिटर लामो बल्लारी–चिक्जाजुर रेल लाइनलाई दोब्बरीकरण (दोहरीकरण) गरिनु रहेको छ। यी परियोजनाहरूबाट झारखण्ड, कर्नाटक र आन्ध्र प्रदेशका सात जिल्लाहरूमा लगभग ३१८ किलोमिटर रेल सञ्जाल विस्तार हुनेछ र लगभग १०८ लाख दिनको रोजगारी सिर्जना हुनेछ। यी परियोजनाहरु पीएम-गति शक्ति राष्ट्रीय मास्टर प्लानको हिस्सा हुन् ।प्रधानमन्त्री मोदीले यी परियोजनाहरुले वाणिज्यलाई बढावा दिने बताउनु भएका छन् |

**वित्त मंत्रालय-यूपीआई**

वित्त मन्त्रालयले यूपीआई कारोबारमा मर्चेन्ट डिस्काउन्ट दर लागू गर्ने सबै दाबी निराधार र भ्रामक भएको स्पष्ट पारेको

छ। मन्त्रालयले यूपीआईको डिजिटल भुक्तानीलाई बढावा दिन सरकार प्रतिबद्ध रहेको बताएको छ। धेरै अनलाइन रिपोर्टहरूमा दाबी गरिएको थियो कि सरकारले ठूला यूपीईआई लेनदेनहरूमा एमडीआर लागू गर्ने योजना बनाइरहेको छ। एमडीआर बैंक वा भुक्तानी सेवा प्रदायकले व्यापारीहरूद्वारा वास्तविक समयमा भुक्तानीका लागि लिने शुल्क हो। सरकारले सन् २०२० मा एमडीआर शुल्क खारेज गरिसकेको छ।

## SPECIAL FEATURE- 11 YEARS OF GOVT (For Morn. Bulletin- 12.06.2025)

भारतले सेवा, सुशासन र गरीब कल्याणका सिद्धान्तहरूले संचालित भएर विगत एक दशकहरूमा देशमा उल्लेखनीय परिवर्तन गरेको छ। आकाशवाणी समाचारले तपाईंलाई प्रमुख क्षेत्रहरूमा विगत ११ वर्षमा सरकारले देशको विकासका लागि गरेको प्रमुख प्रयासहरूबारे एक फीचर प्रस्तुत गर्दछ। आज, महिलाहरूलाई केन्द्रित नारी शक्ति - आर्थिक परिवर्तनको संचालन शक्तिको रूपमा एक जानकारी हामीले प्रस्तुत गरीरहेका छौं।

विगत एक दशकमाए भारतमा मौन आर्थिक क्रान्ति देखिएको छ, जसको नेतृत्व महिलाहरूले गरी रहेका छन्। गाउँका स्व-सहायता समूहहरूदेखि लिएर शहरका उद्यमीहरूसम्मए महिलाहरू अब देशको अर्थिक विकासमा केवल सहभागी मात्र छैनन्य तर तिनीहरू परिवर्तनको एउटा शक्तिशाली संचालक पनि बनीका छन्।

प्रधानमन्त्री मुद्रा योजना अन्तर्गत वितरण गरिएको 52.5 करोड ऋणमध्ये, लगभग ६८ प्रतिशत महिलाहरूलाई दिइएको छ, जसले उनीहरूलाई साना व्यवसाय सुरु गर्नए उद्यम विस्तार गर्न र वित्तीय स्वतन्त्रता प्राप्त गर्नमा ठूलो मद्दत गरेकोछ।

स्ट्यान्ड-अप इन्डिया योजना अन्तर्गत, उद्यमशीलतालाई प्रवर्द्धन गर्न 2.7 लाखभन्दा बढी ऋण स्वीकृत गरिएको छए जसमध्ये लगभग ८३ प्रतिशत महिलाहरूलाई दिइएकोछ।

तल्लो तहमा, दीनदयाल अन्त्योदय योजना - राष्ट्रिय ग्रामीण जीविकोपार्जन मिसन बमोजिम 10 करोडभन्दा बढी ग्रामीण महिलाहरूलाई लगभग ९१ लाख स्व-सहायता समूह (ैभ्ळद्ध हरूको सफल परिचालन गर्नुमा मदद गरेको छ। लखपति दीदी पहलले 1.48 करोडभन्दा बढी स्वयं-सहायता समूह सदस्यहरूलाई वार्षमा कम भन्दा कम एक लाख रुपियाँ अथवा त्यो भन्दा बढी आम्दानी गर्न सक्षम बनाएको छ।

सरकारले महिलाहरूको सुरक्षालाई सुनिश्चित गर्न अनि त्यसलाई सशक्तिकरणसँग जोड्ने मिशनए शक्ति मार्फत सहयोगलाई संस्थागत पनि गरेको छ।

आज, अन्तरिक्ष अभियानदेखि तल्लो तहको शासनसम्म, भान्सादेखि बोर्डरूमसम्म, नारी शक्ति अगाडि बढिरहेको छ। आज देशकी महिला पहिलेभन्दा बलियोए स्वतन्त्र र दृढ संकल्पित बनेकी छन्। विष्णु पीएसए आकाशवाणी समाचारए दिल्ली का साथ मो अशोक चौरसिया आकाशवाणी समाचारस खरसांग"।

**जयशंकर**

विदेशमन्त्री एस जयशंकरले २०२५ को अन्त्यसम्ममा भारत-युरोपेली संघ स्वतन्त्र व्यापार सम्झौता सम्भव हुने बताउनुभएको छ। उहाँले भन्नुभयो भारतले युरोपेली संघसँगको आफ्नो सम्बन्धलाई उच्च प्राथमिकता दिनेछ जसको केन्द्रबिन्दु स्वतन्त्र व्यापार सम्झौता वार्ता हो जुन धेरै राम्रो प्रगति गरिरहेको छ। ब्रसेल्समा जर्मन मार्शल कोष (GMF) फोरममा बोल्नुहुँदै डा. जयशंकरले यस हप्ता EU अधिकारीहरूसँगको गहन वार्तापछि भारत-EU स्वतन्त्र व्यापार सम्झौता (FTA) पूरा गर्न तोकिएको वर्षको अन्त्यको समयसीमा सम्भव हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले रक्षा र सुरक्षा, गतिशीलता, प्रतिभा प्रवाह र शिक्षाका पक्षहरूलाई समेट्ने व्यापारभन्दा बाहिर जाने दुईतर्फी सम्बन्धको बललाई पनि प्रकाश पार्नुभयो। उहाँले भन्नुभयो सीमा मुद्दाहरू बाहेक, व्यापार र आर्थिक मुद्दाहरू पनि छन्। डा. जयशंकरले भन्नुभयो कि समाधानरहित सीमा विवादहरूले उनीहरूको

सम्बन्धमा ठूलो भूमिका खेल्छन्। विदेशमन्त्रीले भन्नुभयो  कि चीन र भारतबीच सभ्यतागत सम्बन्ध छ र समानान्तर रूपमा वृद्धि भएको छ। रुस-युक्रेन द्वन्द्वको मुद्दामा,  जयशंकरले मतभेदहरूको वार्ताद्वारा समाधान गर्ने भारतको अडानलाई प्रकाश पार्नुभयो।

## वित्त मंत्रालय-यूपीआई

वित्त मन्त्रालयले यूपीआई कारोबारमा मर्चेन्ट डिस्काउन्ट दर लागू गर्ने सबै दाबी निराधार र भ्रामक भएको स्पष्ट पारेको छ । मन्त्रालयले यूपीआईको डिजिटल भुक्तानीलाई बढावा दिन सरकार प्रतिबद्ध रहेको बताएको छ । धेरै अनलाइन रिपोर्टहरूमा दाबी गरिएको थियो  कि सरकारले ठूला यूपीईआई लेनदेनहरूमा एमडीआर लागू गर्ने योजना बनाइरहेको छ। एमडीआर बैंक वा भुक्तानी सेवा प्रदायकले व्यापारीहरूद्वारा वास्तविक समयमा भुक्तानीका लागि लिने शुल्क हो। सरकारले सन् २०२० मा एमडीआर शुल्क खारेज गरिसकेको छ ।

## ओम बिरला का दौरा

लोकसभा अध्यक्ष ओम बिरलाले आज  मसूरीमा  लाल बहादुर शास्त्री राष्ट्रीय प्रशासन अकादमीमा  127औ  इंडक्शन ट्रेनिंग प्रोग्रामको  समापन समारोहलाई संबोधित गर्नुहुनेछ । उहाँ आज बिहान 9 बजेर 45 मिनटमा  जॉली ग्रांट एयरपोर्ट र साढ़े 11 बजे मसूरी आइपुग्नु हुनेछ ।  मसूरी स्थित अकादमीमा  127औ  इंडक्शन ट्रेनिंग प्रोग्राम विशेष रूप ले राज्य सिविल सेवाहरुबाट  भारतीय प्रशासनिक सेवामा  पदोन्नति भएका  अधिकारिहरुको लागी बनाइएको कार्यक्रम हो ।

## कर्नाटक हाईकोर्ट- भगदड़ एम. चिन्नास्वामी

कर्नाटक हाईकोर्टले  रॉयल चैलेंजर्स स्पोर्ट्स प्राइवेट लिमिटेड - आरसीएसपीएल र डीएनए नेटवर्क प्राइवेट लिमिटेडका चार प्रतिनिधिहरुद्वारा दर्ता गरेको याचिकाहरु माथि आफ्नो फैसला सुरक्षित राखेको छ ।यी चार प्रतिनिधिहरुले आईपीएल-2025 टूर्नमेंटमा  आरसीबी को जीतको  जश्नको अवधि शहरको  एम. चिन्नास्वामी स्टेडियम बाहिर  4 जून 2025 मा भएको भगदड़को सिलसिलामा आफ्नो पक्राउको वैधतामाथि प्रश्न  उठाएका थिए। न्यायमूर्ति एस. आर. कृष्ण कुमारले भन्नु भयो उहाँले आज दिउसो उक्त याचिकामाथी आफ्नो फैसला सुनाउने छन् । याचिकाहरु  आरसीएसपीएलका  मार्केटिंग र राजस्व प्रमुख निखिल सोसले, निदेशक सुनील मैथ्यू, डीएनएका  इवेंट मैनेजर किरण कुमार र डीएनएका  एक फ्रीलांसर शमंत एन.पी. माविनाकेरेले दर्ता गरेका थिए। यसभन्दा अघि यूपीका  महाधिवक्ता शशि किरण शेट्टी जगदीशले  उनीहरुको पक्राउलाई सही ठहराउदै  दावा गर्नु भएको थियो कि पुलिसले उनीहरुलाई  पक्राउ गरेको अवधिमा  कानून र सर्वोच्च न्यायालयको  निर्धारित सबै  प्रक्रियाहरूको पालन गरेका थिए ।

## विश्व बालश्रम निरोध दिवस

आज विश्व बालश्रम निरोध दिवस हो। वर्ष नै आजको दिन दुनियामा बाल श्रम विरूद्ध जनचेतना जागृत गराउने उद्देश्यले यो दिवस पालन गरिन्छ। बाल बालिकाहरूलाई शोषण र वंचना देखि जोगाउने तथा ययसलाई निर्मुल पार्न राष्ट्र संघको श्रम संगठने (ILO) ले यो दिवस पालन गर्न शुरू गरेको हो। यो वर्षको विश्व बालश्रम निरोधी दिवसको मुख्य विषय छ – प्रगति स्पष्ट छ तर यस दिशामा प्रयास गर्न अझ शेष छ, आउं यसको गतिलाई थप धार दिउँ।

International Labour Organization (ILO) तथा United Nations Children’s Fund (UNICEF) ले हिजो एक रिपोर्ट पेश गरेको छ जसको विषय छ "Child Labour: Global estimates 2024, trends and the road forward" यस रिपोर्टमा2024 सम्ममा 138 million नानीहरू विश्वमा अझ पनि बाल श्रममा झोंकिएका छन् जसको उद्दार आवश्यक छ। यस मा 54 मिलियन नानीहरूलाई खतरना कामहरूमा खट्टाइएको छ जसले उनीहरूको स्वास्थ्यमा, सुरक्षामा र विकासमा ठूलो खतरा उत्पन्न गर्द छ्। ताजा आंकड़ाहरू अनुसा वर्ष 2022 सम्ममा जम्मा बाल श्रमदेखि झण्डै 22 million नानीहरूलाई जोगाइएको छ।

**केंद्र-खाद्य तेल**

काँचो खाद्य तेलमाथि सीमा-शुल्क 20 देखि घटाएर 10 प्रतिशत गरिएको छ। यिनमा सूरजमुखी, सोयाबीन र ताड़को तेल पनि शामेल छन्।जसले गर्दा काँचो तेल र रिफाइंड तेलमा आयात शुल्कको अंतर आठ दशमलव सात-पांच प्रतिशत देखि 19 दशमलव दुई-पांच प्रतिशत बीच रहेको छ। उपभोक्ता मामला , खाद्य र सार्वजनिक वितरण मंत्रालयले भनेको छ सीमा-शुल्कमा कमीको उद्देश्य खाद्य तेलहरुको खुदरा मूल्यहरुलाई कम गर्नु हो। जसबाट घरेलू रिफाइनिंगलाई प्रोत्साहन र किसानहरुलाई उचित मूल्य प्रदान हुनेछ।

**आयुर्वेद-डॉक्यूमेंट्री**

आयुर्वेद प्रति जागरूकता जगाउने उद्देश्य लिएर तैयार गरिएको डॉक्यूमेंट्री **आयुर्वेद - द डबल हेलिक्स ऑफ लाइफ** को हिज दिल्लीमा स्क्रीनिंग गरियो। जसको उद्धाटन आयुष राज्य मंत्री प्रतापराव जाधवले गर्नु भयो। डेढ घंटाको यस डॉक्यूमेंट्रीमा, पुरानो बिमारिहरुको चिकित्सामा आयुर्वेदको भूमिकालाई दर्शाएको छ। यस डॉक्यूमेंट्रीको उद्देश्य आयुर्वेदसित जुड़ेका मिथकहरुलाई टाडो गर्नु र यसको वैज्ञानिकतालाई प्रदर्शित गर्नु रहेको छ।